**हरिनास गाँउपालिका**
**गाँउ कार्यपालिकाको कार्यालय**
**सहकारी शाखा**

# नागरिक वडापत्र

| सि. नं. | प्रदान गरिने सेवा, सुविधार सम्पादन गरिने कार्यहरुको प्रकार | सेवाग्राहीले पेश गर्नु पर्ने आबश्यक कागजात र पुऱ्याउनु पर्ने प्रकृया | सेवा प्राप्त गर्दा लाग्ने समय | सेवा प्राप्त गर्दा नियम अनुसार लाग्ने शुल्क दस्तुर | जिम्मेवार शाखा फाँट र कर्मचारी | समयमा सेवा प्राप्त नभएमा वा ।काम नभएमा गुनासो सुन्ने अधिकारी |
|---|---|---|---|---|---|---|
| १. | सहकारी संघ सस्था दर्ता गर्ने | ♦ सहकारीका विश्वब्यापी मूल्यमान्यता, सिद्धान्त, प्रचलित सहकारी ऐन २०७४ सहकारी नियमावली,२०७५ सहकारी सघं संस्था दर्ता दिघदर्शन, २०७४ सहकारी संस्थामा सम्पत्ति शुद्धीकरण निवारण कानून पालना सम्बन्धी अनुगमन तथा सुपरिवेक्षण कार्यविधि,२०७५, सहकारी संस्थाको निर्देशिका, २०७५ बमोजिम नियम अनुसार पेश गर्नु पर्ने कागजात र पुऱ्याउनु पर्ने रीत प्रकृया ः<br>♦ प्रस्तावित सहकारी संघ/संस्थाको तदर्थ समितिको अध्यक्षले हस्ताक्षर गरेको सहकारी नियमावलीको अनुसूची १ बमोजिमको निवेदन ।<br>♦ सहकारी संघ संस्था खोल्ने आबश्यकता, कार्य क्षेत्र, जनसंख्या, पूँजी, स्रोत, ब्यबसायिक सम्भाब्यता, उपभोग गर्ने सदस्यको अधिकतम संख्या, प्रस्तावित सहकारी सस्था खोल्ने कार्य क्षेत्रमा रहेका अन्य समान प्रकृतिका सहकारी संघ संस्थाको अबस्था र स्थिति वा स्वरुप आदि कुरामा खुलाईएको सम्भाब्यता  अध्ययन प्रतिबेदन २ प्रति ।<br>♦ सहकारी संघ सस्था खोल्ने प्रयोजनको लागि कम्तिमा भिन्न परिवारका ३० जना सदस्यको उपस्थितिमा प्रथम र दोस्रो प्रारम्भिक भेलाले गरेको निर्णयको प्रतिलिपि (तदर्थ समितिका अध्यक्षले  प्रमाणित गरेका प्रतिलिपि) २ प्रति (प्रथम प्रारम्भिक भेला भएको १५ दिन पछि) दोस्रो प्रारम्भिक भेला गर्नु पर्नेछ) सहकारी नियमावली अनुसूची १३ अनुसारको प्रस्तावित सहकारी सस्थाको  सक्कलै विनियम  (विनियमको प्रत्येक पृष्ठको शिर पुच्छारमा तदर्थ सञ्चालक समितिका सबै पदाधिकारीले हस्ताक्षर गरेको) २ प्रति ।<br>♦ कम्तिमा ३० जना (भिन्न भिन्न परिवारका) व्यक्तिहरुको ३ पुस्ते विवरण सहित आवेदन सदस्यहरुले लिएको शेयर संख्या, शेयर रकम खुलेको विवरण र हस्ताक्षर संलग्न भएको (सहकारी नियमावलीको अनुसूची ३ बमोजिम) विवरण २ प्रति ।<br>♦ सहकारी नियमावलीको नियम ६(३) खण्ड घ सँग सम्बन्धित अनुसूची ६ अनुसार संचालक सदस्य र सबै सदस्यहरुले छुट्टा-छुट्टै सदस्य दर्ता फाराम (संचालक र सबै सदस्यहरुको फोटो टाँस भएको) किताब २ प्रति ।<br>♦ सहकारी नियमावली २०७५ को नियम ६ (२) र नियम २८ को उपनियम (२) को खण्ड क सँग सम्बन्धित अनुसूची ३ अनुसार सञ्चालक सदस्य र सबै सदस्यहरुले छुट्टा-छुट्टै सदस्य दर्ता फारम (सञ्चालक र सबै सदस्यहरुको फोटो टाँस भएको ) किताब  २ प्रति ।<br>♦ सहकारी नियमावली बमोजिम प्रस्तावित संस्थाको शेयर प्रमाण पत्र २ प्रति ।<br>♦ संस्था दर्ता सम्बन्धी कार्य गर्न अधिकार प्राप्त व्यक्तिको दस्तखत नमूना सहित सबै सदस्यले हस्ताक्षर गरेको सक्कलै अधिकार प्रत्यायोजन पत्र ।<br>♦ सञ्चालक सदस्यहरुको हकमा सञ्चालक सदस्यको २।२ प्रति र सबै सदस्यहरुको हकमा  सञ्चालक सदस्य सहित सदस्यहरुले हाल सालै खिचिएको पासपोर्ट वा अटो साइजको २।२ प्रति फोटो सदस्यता फाराममा र सञ्चालक समिति सदस्यता फाराममा टाँस गर्नुपर्नेछ ।<br>♦ प्रस्तावित सहकारी संस्थाको सबै सदस्यले हस्ताक्षर गरेको स्व-घोषणा पत्र २ प्रति ।<br>♦ सम्बन्धित वडा कार्यालयको सिफारिस १ प्रति ।<br>♦ प्रस्तावित सहकारी संस्थाको सबै सदस्यको कबुलियतनामा २ प्रति ।<br>♦ प्रस्तावित सहकारी संस्थाका सबै सदस्यहरुको निर्णयबाट तदर्थ समितिका २ जना सदस्यको नाममा संस्था दर्ता हुनु भन्दा अगाडी (नमूना दस्तखत सहित) शेयर रकम र प्रवेश शुल्क बैंकमा जम्मा गरेको भौंचरको प्रतिलिपि संस्था दर्ता भएको मितिले ३ दिन भित्र संस्थाको नाममा अनिवार्य खाता खोल्ने निर्णय गर्नुपर्नेछ ।<br>♦ प्रस्तावित सहकारी संस्था दर्ता गर्ने प्रक्रियामा वा प्रस्तावित सहकारी संस्था दर्ता हुनु भन्दा अगाडी कुनै सरकारी, गैरसरकारी  निकायबाट विधिवत गठन भई सहयोग भएको समूहलाई सहकारी संस्थामा दर्ता गरी आबद्ध गराउँदा त्यस्तो सहयोग गर्ने निकायको सिफारिस पत्र १ प्रति ।<br>♦ प्रस्तावित सहकारी संस्थाको कार्यक्षेत्र भित्र बसोबास गरेको नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि, कार्यक्षेत्र भित्रको नेपाली नागरिकताको प्रमाण पत्र नभएमा बसाईसराई प्रमाण पत्र, ज.ध.प्रमाण पूर्जाको प्रतिलिपि र बिवाहित माईति पट्टीको नागरिकता भएमा विवाह दर्ता प्रमाण पत्र, कार्यक्षेत्र भन्दा बाहिरको सदस्य भएमा प्र.कार्यक्षेत्र भित्र स्थानीय रुपमा व्यापार व्यवसाय सञ्चालन गरी लामो समय देखि बसेकोमा सोको सम्बन्धित निकायबाट सिफारिस सहितको प्रमाणित प्रतिलिपि र व्यापार व्यवसायको प्रमाण पत्रको प्रतिलिपि २ प्रति ।<br>♦ बचत तथा ऋणको कारोबार गर्ने प्रस्तावित सहकारी संस्था भए बचत तथा ऋण नीति २ प्रति ।<br>♦ प्रस्तावित सहकारी संस्थामा कर्मचारीको ब्यवस्था भएमा कर्मचारी  विनिमय र आर्थिक प्रशासन विनियम २ प्रति । | ♦ रीतपूर्वक निवेदन र रीत प्रक्रिया सबै कागजात र प्रमाण पुगेको अवस्थामा ३ दिन ।<br>♦ सहकारी विभागको पूर्व स्वीकृत सहमति प्राप्त भएकै दिन । | रीतपूर्वकको निवेदन सम्वन्धित वडा कार्यालयको सिफारिस रु १०००। | सहकारी शाखा सहकारी शाखा प्रमुख | कार्यालय प्रमुख |
| २. | सहकारी संघ/ संस्थाको विनियम संशोधन गर्ने | ♦ विनियम संशोधन प्रस्ताव साधारण सभामा प्रस्तुत गर्नु भन्दा अगाडी विनियम संशोधनको लागि गाउँपालिका कार्यालयबाट सैद्धान्तिक सहमति लिनु पर्ने ।<br>♦ सम्बन्धित सहकारी संघ/सस्थाबाट विनियम संशोधनको लागि संञ्चालक समितिको रीत पूर्वकको निबेदन ।<br>♦ सहकारीको विश्वब्यापी मूल्यमान्यता, सिद्धान्त, प्रचलित सहकारी ऐन, नियम, मापदण्ड बमोजिम र संस्थाको विनियम बमोजिमको अबधिको परिधि भित्र रही संस्थाको साधारण सभाबाट विनियम संशोधन सम्बन्धमा भएको साधारण सभामा कम्तिमा ५१ प्रतिशत सदस्य उपस्थित भई उपस्थित सदस्यको २ तिहाई बहुमतबाट पारित भएको निर्णय प्रतिलिपी ।<br>♦ संस्था दर्ता हुँदा बखतको साविकको संस्थाको विनियमको फोटोकपी ।<br>♦ संस्थाको विनियमको साविकको प्राबधान संशोधन गरेका विषय, संशोधन गर्नु पर्ने उचित र पर्याप्त कारण सहितको सञ्चालक समिति सबै सदस्यले हस्ताक्षर गरी साधारण सभाबाट स्वीकृत भएको ३ महले फाराम | ♦ आवश्यक रित प्रकृया कागजात र प्रमाण पुगेको अवस्थामा ३ दिन भित्र<br>♦ सहकारी विभागको पुर्व सहमति स्वीकृत लिनु पर्ने अवस्थामा सहमति स्वीकृत प्राप्त भएको १ दिन भित्र | १००० | सहकारी शाखा | सहकारी निरिक्षक/ कार्यालय प्रमुख |
| ३. | सहकारी संघ/ संस्थाको कार्य क्षेत्र विस्तार गर्ने (आंशिक/पालिका  भर) | ♦ सहकारी ऐन, नियम, बमोजिम सहकारी संघ/संस्थाको कार्यक्षेत्र विस्तारका लागि नियम १० बमोजिम रीत प्रकृया र आबश्यक कागजातहरु पुऱ्याउनु पर्ने ।<br>♦ कार्यक्षेत्र बिस्तार सम्बन्धमा साधारण  सभाले  गरेको निर्णय बमोजिम सञ्चालक समितिको  निर्णय सहित रीत पूर्बकको निबेदन ।<br>♦ कार्यक्षेत्र विस्तार सम्बन्धमा माथि उल्लेखित मापदण्ड अनुसारका सबै रीत प्रकृया र आबश्यक कागजात पुऱ्याई साधारण सभाबाट (कम्तिमा ५१ प्रतिशत सदस्य उपस्थित भई सदस्य संख्याको २ तिहाई बहुमतले)  भएको निर्णय प्रतिलिपि ।<br>♦ नियमित रुपमा साधारण सभा ,लेखा परीक्षण भएको, नियमित सञ्चालक समिति बैठक बसेको प्रमाण, लेखापरिक्षण प्रतिबेदन र उक्त बिबरणको र सहकारी ऐन ,नियम र मापदण्ड बमोजिम नियमित सञ्चालन भई सस्थाको कारोवार उत्कृष्ट रहेको, सदस्य संख्यामा उत्साहजनक र उल्लेख्य बृद्धि भएको र निरन्तर खुद बचत (मुनाफा ) को अबस्थामा सञ्चालन भएको प्रमाण ।<br>♦ प्रचलित सहकारी ऐन, नियम, मापदण्ड, परिपत्र, निर्देशन पालना भएको भन्ने संस्थाको अनुगमन, निरीक्षण प्रतिवेदनबाट संस्था उत्कृष्ट छ भन्ने आधार पुष्ट्याई सहितको अनुगमन निरीक्षण प्रतिवेदनको प्रतिलिपि ।<br>♦ स्थायी लेखा नम्बर (पाना नम्बर) लिएको प्रमाणपत्र साथै नियम अनुसार कर शुल्क बुझाउनु पर्नेमा सो बुझाएको प्रमाणित प्रतिलिपि उल्लेख्य वृद्धि भएको र निरन्तर खुद बचत (मुनाफा) को अवस्थामा संचालन भएको प्रमाण ।<br>♦ प्रचलित सहकारी ऐन, नियम मापदण्ड, परिपत्र, निर्देशन पालना गरेको विवरण, पालना भएको भन्ने संस्थाको अनुगमन निरीक्षण प्रतिवेदनबाट संस्था उत्कृष्ट छ भन्ने आधार पुष्ट्याई सहितको अनुगमन निरीक्षण प्रतिवेदनको प्रतिलिपि । | ♦ ७ दिन भित्र सहकारी विभागको पूर्व सहमति स्वीकृत लिनु पर्ने अवस्थामा सहकति स्वीकृत प्राप्त  भएको १ दिन भित्र | १००० | सहकारी शाखा | सहकारी शाखा प्रमुख, कार्यालय प्रमुख |
| | | ♦ स्थायी लेखा नम्बर (पाना नम्बर) लिएको प्रमाण साथै नियम अनुसार कर शुल्क बुझाउनु पर्नेमा सो बुझाएको प्रमाणित प्रतिलिपि ।<br>♦ राष्ट्रिय सहकारी संघ, विषयगत केन्द्रीय र जिल्ला सहकारी संघ, गाउँपालिका सहकारी संघ र प्रकृति अनुसार राष्ट्रिय सहकारी बैंकको समेत शेयर सदस्य लिएको प्रमाण ।<br>♦ पालिका भित्र आंशिक कार्यक्षेत्र विस्तार गर्ने हकमा संस्था दर्ता भई सञ्चालनमा आएको मितिले कम्तिमा दुई आर्थिक बर्ष पूरा भएको प्रमाण ।<br>♦ बचत तथा ऋणको कारोबार गर्ने संस्थाको कार्यक्षेत्र विस्तारको लागि शेयर सदस्य संख्या ५०० भन्दा बढि हुनुपर्ने आंशिक रुपमा कार्य क्षेत्र विस्तारको हकमा चुक्ता शेयर पूजि कम्तीमा ५० लाख पालिका भर कार्य क्षेत्र विस्तारको हकमा संस्थाको चुक्ता शेयर पूजि १ करोड भएको प्रमाण ।<br>♦ संस्थाको विनियमको साविक को प्रवधान कार्य क्षेत्र विस्तारको लागि संशोधन गरेको विषय, संशोधन गर्नुपर्ने उचित र पर्याप्त कारण सहितको सञ्चालक समितिका सबै सदस्यहरुले हस्ताक्षर गरेको ३ महले फारम ।(साधारण सभाले स्वीकृत गरेको) | | | | |
| ४. | सम्पर्क कार्यालय /सेवा केन्द्र खोल्न सिफारिस गर्ने | ♦ सम्पर्क कार्यालय/सेवा केन्द्र खोल्ने सम्बन्धमा साधारण सभाले गरेको निर्णय बमोजिम सञ्चालक समितिको सबै सदस्यहरुले गरेको निर्णय प्रतिलिपि सहित रीत पूर्बकको निबेदन ।<br>♦ सहकारी ऐन, नियम र मापदण्ड संस्थाको विनियम बमोजिम  सम्पर्क कार्यालय/सेवा केन्द्र खोल्नु पर्ने पर्याप्त र उचित कारण सहित साधारण सभाबाट भएको निर्णयको प्रतिलिपि ।<br>♦ संस्थाको विनियमको साविकको  प्रावधान सम्पर्क कार्यालय/सेवा केन्द खोल्ने सम्बन्धमा संशोधन गरेका बिषय, संशोधन गर्नु पर्ने उचित र पर्याप्त कारण सहितको सञ्चालक समितिका सबै सदस्यहरुले हस्ताक्षर गरेको ३ महले फारम ।<br>♦ संस्थाको संस्थागत सघन अनुगमन निरीक्षणबाट प्राप्त निबेदन, प्रतिबेदन बमोजिम सहकारी ऐन, नियम, मापदण्ड, विभाग तथा गाउँपालिका कार्यालयबाट भएका निर्देशन अनुसरण गरेको प्रयाप्त आधार र पुष्टाई सहितको प्रमाण । | ♦ ७ दिन भित्र सहकारी विभागको पूर्व सहमति स्वीकृती लिनु पर्ने अवस्थामा सहमति स्वीकृत प्राप्त भएको १ दिन भित्र | ५०० | सहकारी शाखा | सहकारी निरिक्षक ।कार्यालय प्रमुख |

हरिनास गाँउपालिका
गाँउ कार्यपालिकाको कार्यालय
सहकारी शाखा

# नागरिक वडापत्र

| सि. नं. | प्रदान गरिने सेवा, सुविधार सम्पादन गरिने कार्यहरुको प्रकार | सेवाग्राहीले पेश गर्नु पर्ने आबश्यक कागजात र पुऱ्याउनु पर्ने प्रकृया | सेवा प्राप्त गर्दा लाग्ने समय | सेवा प्राप्त गर्दा नियम अनुसार लाग्ने शुल्क दस्तुर | जिम्मेवार शाखा फाँट र कर्मचारी | समयमा सेवा प्राप्त नभएमा वा ाकाम नभएमा गुनासो सुन्ने अधिकारी |
|---|---|---|---|---|---|---|
| ५. | सहकारी संघ संस्थाको अन्तिम लेखा परिक्षण गर्ने प्रयोजनको लेखा परिक्षणको नियुक्तिको स्वीकृति दिने | ♦ संस्थाको जुन आ.व.को अन्तिम लेखापरीक्षण गर्ने हो सो आ.व.को साधारण सभावाट लेखापरीक्षक नियुक्तिको लागि निर्णय भएको प्रतिलिपि<br>♦ जुन आ.व.को अन्तिम लेखापरीक्षण गर्ने हो सो आ.व.को साधारण सभावाट अनिवार्य लेखापरीक्षकको नियुक्ति र पारिश्रमिक तोकी निर्णय भए वमोजिम सञ्चालक समितिले आगामी आ.व.मा लेखापरीक्षक नियुक्तीको स्वीकृति लिने सम्वन्धमा गरेको निर्णय प्रतिलिपि ।<br>♦ सहकारी लेखापरीक्षण निर्देशिका २०७५ को अनुसूची १ बमोजिमको जानकारी<br>♦ लेखापरीक्षकको अनुमति पत्र (लाइसेन्स र नागरिकताको प्रमाणपत्रको प्रतिलिपि<br>♦ सम्वन्धित लेखापरीक्षकको नवीकरण भएको लेखापरीक्षक अनुमतिपत्र (लाइसेन्सको प्रतिलिपि )<br>♦ नियमानुसार लेखापरीक्षकले कर चुत्ता गरेको प्रमाणपत्र र स्थायी लेखा नम्वर ( पान दर्ताको प्रतिलिपि) हरेक वर्षको अषाढ मसान्त सम्म स्वीकृति लिने संस्थाको हकमा अधिल्लो आ.व.को कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि र हरेक आ.व असोज मसान्त पछि स्वीकृती लिने संस्थाको हकमा सोही आ.व.को कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि ।<br>♦ नेपाल चार्टर एकाउन्ट संस्थामा आवद्धता भएको प्रमाणको प्रतिलिपि ।<br>♦ लेखापरीक्षकको व्यक्तिगत विवरण र कार्य अनुभव गाउँपालिकाको सहकारी ऐन, नियम र मापदण्ड वमोजिम सहकारी संस्थाको उद्देश्य, क्षमता, स्रोत, कार्य प्रकृतिको आधार अनुसारको खरिदमा छुट पाउने प्रतिशत समेत किटानी गरी सोको विवरण सहित आवश्यकतको प्रमाण (नोट अन्तिम लेखापरीक्षण गराउने सहकारी संघ संस्थाहरुले एउटै व्यक्ति वा कम्पनीलाइ लगातार ३ पटक भन्दा वढी नियुक्त गर्न मिल्ने छैन । हरेक आ.व समाप्त भएको ३ महिना भित्र (असोज मसान्त भित्र) अनिवार्य रुपमा लेखापरीक्षण स्वीकृति लिई सक्नु पर्नेछ ।<br>♦ नियुक्ती हुने लेखापरीक्षक सम्बन्धित सहकारी संस्थाको सञ्चालक मध्ये कसैको एकाघरको परिवार वा नजिकको नातेदार नभएको भन्ने सम्बन्धित संस्थाको प्रमाणित पत्र । | ♦ ७ दिन भित्र | निशुल्क हरेक आ.वको आश्विन मसान्त पछि लेखापरीक्षकको नियुक्तिको स्वीकृति माग गर्दा प्रचलित ऐन नियम र मापदण्ड बमोजिमको रु १५०० सम्मको बिलम्व शुल्क तिर्नु पर्नेछ | सहकारी शाखा | सहकारी प्रशिक्षक/ कार्यालय प्रमुख |
| ६ | सहकारी संघ संस्थाले नियमानुसार पाउने छुट सुविधा सम्वन्धी सिफारिस गर्ने | ♦ सहकारी ऐन अनुसार साधारण सभावाट निर्णय भए बमोजिम सञ्चालक समितिबाट निर्णय गराई निर्णय रीत प्रकृया पुगेको माग निवेदन ।<br>♦ साधारण सभाको बैठकबाट छुट सुविधाको लागि भएको निर्णयको प्रमाणित प्रतिलिपि ।<br>♦ सहकारी संस्थाको अन्तिम आ.व.को लेखा परीक्षण प्रतिवेदन र बैंक हिसाब विवरणको प्रतिलिपि ।<br>♦ छुट पाउने सामान खरिद गर्ने संस्थाले ऋण लिएको भए ऋण स्वीकृती पत्र वा सम्झौता पत्रको प्रतिलिपि ।<br>♦ अनुदान वा सहयोगवाट खरिद गर्ने भए अनुदान वा सहयोग प्राप्त गरेको विवरण र सम्बन्धित कागजातहरुको प्रतिलिपि ।<br>♦ आवश्यकता अनुसार अन्य सरोकारवाला निकायको किटानी सिफारिस पत्र ।<br>♦ एम्वुलेन्स खरिदको सिफारिस सम्वन्धी आर्थिक ऐन २०७० को दफा १५ २ ख अनुसारको अनुसूची १ बमोजिमको प्र.जि.अ.को संयोजकत्वमा गठित एम्वुलेन्स सेवा सञ्चालक समितिको सिफारिस ।<br>♦ सहकारी संघ संस्थाहरुलाई उपलब्ध गराउने अनुदान एवं भन्सार छुट, महशुल छुट सुविधा सिफारिस सम्वन्धी कार्यविधि २०६८ को वुदा नं २१ मा उल्लेखित कुराहरु स्पष्ट खुलेको अवस्थाको प्रमाण | ♦ आवश्यक रित प्रर्कया र कागजात र प्रमाण पुगेको १ दिन भित्र | निशुल्क | सहकारी शाखा | सहकारी प्रशिक्षक कार्यालय प्रमुख |
| ७ | सहकारी संघ संस्थाहरुको एकिकरण गर्ने | ♦ गाउँपालिकाको एउटै कार्यक्षेत्र भित्र रहेका एउटै प्रकृतिका वा फरक प्रकृतिका २ वा २ भन्दा बढी एकिकरण हुन चाहने सहकारी संघ संस्थाहरुको सहकारी संघ संस्था एकिकरण तथा विभाजन निर्देशिका, २०७७ को अनुसूची १ बमोजिम समय सीमा र प्रचलित कार्य योजना सहितको पूर्व स्वीकृती निवेदन ।<br>♦ एकिकरण सम्वन्धमा आवश्यक व्यवस्थापन प्रकृया पूरा गरेको प्रमाणको प्रतिलिपि ।<br>♦ एकिकरण हुन चाहने संघ संस्थाहरुको साधारण सभाका सम्पूर्ण सदस्यहरुको कम्तिमा दुई तिहाई बहुमतले एकिकरण हुने सम्वन्धमा आवश्यक कार्यविधि र शर्त समेत खोली गरेको छुटाछुटै प्रतिलिपि ।<br>♦ एकिकरण हुन चाहने संघसंस्थाहरुको साधारण सभाका सम्पूर्ण सदस्यहरुको कम्तिमा २ तिहाइ बहुमतले एकिकरण हुने सम्बन्धमा आवश्यक कार्यविधि र शर्त समेत खोली गरेको छुटा छुटै निर्णयको प्रतिलिपि ।<br>♦ एकिकरण हुन चाहने सहकारी संघ संस्थाले एकिकरण तथा विभाजन निर्देशिका, २०७७ को अनुसूची १ बमोजिम आवश्यकता अनुसार १७ वटा बुदाँमा विषय, शर्त र कार्यविधि खोली संयुक्त साधारण सभाबाट गरेको निर्णयको प्रतिलिपि । | ♦ सम्पूर्ण रीत प्रकृया पुगेकोमा ७ दिन भित्र<br>♦ विभागको पुर्व सहमति स्वीकृति लिनु पर्ने अवस्थमा सहमति स्वीकृति प्राप्त भएको ३ दिन भित्र | १००० | सहकारी शाखा, स.नि. | कार्यालय प्रमुख |
| ८ | सहकारी संघ संस्थाको दर्ता खारेजी र विघठन गर्ने | ♦ दर्ता खारेजी हुन चाहने संघ संस्थाको साधारण सभाको कुल सदस्य संख्याको २ तिहाई वहुमतले पुष्टयाइ र कारण सहित दर्ता खारेजी निर्णय गरी सो को प्रमाणित प्रतिलिपि एवं लेखापरीक्षण प्रतिवेदन साथ रीत पूर्वक पत्र पेश गर्नु पर्ने ।<br>♦ संस्थाले फिर्ता गर्नु पर्ने शेयर, वचत, संस्थाको ऋण, दायित्व एवं सम्पतिको फरफारक भएको अवस्थाको आवश्यक कागज प्रमाण ।<br>♦ संस्थाको बाँकी बक्यौता, फछ्यौटको स्थिति विवरणको आवश्यक कागजात प्रमाण ।<br>♦ संस्था विघटन गर्नु पर्ने उचित प्रयाप्त कारण पुष्टयाइ भएको अधिकार प्राप्त व्यक्तिको प्रतिवेदन ।<br>♦ सहकारी ऐन, नियम, मापदण्ड बमोजिमका अन्य आवश्यक विवरण प्रतिवेदन कागज प्रमाण । | ♦ सम्पूर्ण रीत प्रक्रिया पुगेकामा ७ दिन भित्र कार्यालयवाट निरिक्षण अनुगमन गरि वुझ्नु पर्ने अवस्थामा सो प्रक्रिया पुरा भएको ७ दिन भित्र | १०० | सहकारी शाखा, | कार्यालय प्रमुख |
| ९ | सहकारी संघ संस्थाको वैकको दस्तखत नमुना प्रमाणित गर्ने | ♦ सहकारी संघ संस्थाको विनियम अनुकुल हुने गरी खाता सञ्चालन गर्ने व्यक्तिहरु तोकिएको सञ्चालक समितिको निर्णयको प्रतिलिपि ।<br>♦ संस्थाको खाता संचालनमा दस्तखत नमूना परिवर्तन गर्नु पर्ने अवस्थामा के कारणले साविकको दस्तखत नमूना परिवर्तन गर्नु पर्ने हो सो कुरा स्पष्ट खुल्ने गरी आवश्यकता अनुसार साधारण सभा अथवा सञ्चालन समितिको निर्णयको प्रमाणित प्रतिलिपि सहित संस्थाको पत्रमा बैंक खाता सञ्चालन गर्ने व्यक्तिहरुको दस्तखत नमूना राखी प्रमाणित गरिएको हुनु पर्ने । | ♦ सम्पुर्ण रित प्रकृया पुगेको अवस्था तुरुत्तै | १०० | सहकारी शाखा, स.नि. | सहकारी निरीक्षक कार्यालय प्रमुख |
| १० | सहकारी सम्वन्धी तालिम दिने | ♦ गाउँपालिका अर्न्तगतका सहकारी संघ संस्थाका सञ्चालन सदस्य र कर्मचारीलाई हरेक आ.व.को स्वीकृत वार्षिक कार्यक्रम र नर्म्स अनुसार सहकारी सम्वन्धी विभिन्न तालिमहरु प्रादन गर्ने ।<br>♦ तालिम कार्यक्रममा सहभागी छनौट गर्दा सहकारीहरुले प्रतिनिधि छनौट गर्ने । | ♦ हरेक आ.वको स्वीकृत वार्षिक कार्यक्रम अनुसार आवश्यकता पहिचान गरी पूर्व सूचना र पत्राचार गरी हरेका चौमासिकमा संचालन गरिने | निशुल्क | सहकारी शाखा | कार्यालय प्रमुख |
| ११ | सहभागितात्मक तालिम कार्यक्रम संचालन गर्ने | ♦ हरेक आ.व.को स्वीकृत वार्षिक कार्यक्रम अनुसार गाँउपालिकावाट सहभागितात्मक तालिमको लागि समय सीमा निर्धारण गरी प्रस्ताव आव्हान सहितको सूचना गरिने ।<br>♦ प्रस्ताव आव्हान सम्वधी सूचना जनसम्पर्क हुने वडाका सहकारी संस्थाहरुमा पठाइने ।<br>♦ सहकारी संस्थाहरुले प्रस्ताव आव्हानको सूचना अनुसारको समय भित्र गाउँपालिका भित्रवाट उपलव्ध गराइने निर्धारित ढाँचामा प्राविधिक एवं आर्थिक प्रस्ताव पेश गर्नु पर्ने ।<br>♦ प्रति १ तालिमका लागि तालिमको कूल लागतको कम्तिमा ५० प्रतिशत प्रस्ताव पेश गर्ने सहकारी संघ संस्थाहरुले अनिवार्य व्यहोनु पर्ने ।<br>♦ सहभागितात्मक तालिम कार्यक्रम अन्य सरकारी, गैर सरकारी निकाय, स्थानीय तह र दातृ संस्थाहरु संग साझैदारी लागत सहभागितामा पनि सञ्चालन हुन सक्ने । | ♦ प्रस्ताव स्वीकृत भएपछि आपसि सम्झौता अनुसार हरेक चौमासिक अवधिमा | तालिमको कुल लागतको कम्तिमा ६० प्रतिशत प्रस्ताव पेश गर्ने सम्वन्धित सहकारी संघ संस्थाहरुले अनिवार्य व्यहोनु पर्ने | सहकारी शाखा | कार्यालय प्रमुख |
| १२ | सहकारी संघ संस्थाहरुको स्थलगत सघन अनुगमन निरीक्षण गरी प्रतिवेदन दिने | ♦ हरेक आ.व.को स्वीकृत वार्षिक कार्यक्रम र कार्यक्रम सञ्चालन कार्यविधि अनुसार गाउँपालिकाका सहकारी संघ संस्थाहरुको स्थलगत सघन अनुगमन निरीक्षण गरी प्रतिवेदन दिने ।<br>♦ अनुगमन निरीक्षणबाट देखिएका कैफियत सुधार गर्नु पर्ने कुरामा सुधार सहितको कार्ययोजना पेश गर्न लगाउने । | ♦ नियमित, चौमासिक, बार्षिक | निशुल्क | सहकारी शाखा | कार्यालय प्रमुख |
| १३ | सोधपुछ गुनासो सुन्ने र लिखित प्रतिक्रिया दिने | ♦ सहकारी ऐन, २०७५ बमोजिम सहकारी संघ संस्थाहरुका कम्तिमा ५ प्रतिशत सदस्यहरुले स्पष्ट कारण सहित रीत पूर्वकको निवेदन दिनु पर्ने । | ♦ निवेदन मा रु १० को टिकट टाँस गर्ने | १५ दिन भित्र | सहकारी शाखा | कार्यालय प्रमुख |
| १४ | सुचनाको प्राप्ति | लिखित सूचना माग गर्दा सूचना आेधिकारी समक्ष निवदेन दिने ।<br>मौखिक ूचनाको लागि सूचना अधिकारी समक्ष सोधपुछ गर्ने जानकारी प्राप्त गर्ने । | ♦ सुचनाकाेा हक सम्वन्धी नियमावली २०६५ को नियमा ५ वमोजिम लाग्ने शुल्क र अन्य र प्रचलित कानुन वमोजिमको शुल्क | सूचनाको हक सम्वन्धी ऐन, २०६५ को दफा ७ ले तोकिएको अवधि भित्र र अन्य विशेष ऐन नियमले तोकेको अवधि भित्र वढीमा ७ दिन | सहकारी शाखा, स.नि. | सहकारी निरीक्षक कार्यालय प्रमुख |
| १५ | गुनासो सम्वोधन सम्वन्धमा | लिखित गुनासो भएमा कार्यालयको उजुरी पेटिकामा राख्ने वा गुनासो सुन्ने अधिकारी समक्ष निवेदन दिने ।<br>मौखिक गुनासोको हकमा सोझै गुनासो सुन्ने अधिकारी समक्ष पेश गर्नु | नलाग्ने | गुनासोको अवस्था हेरी तत्काल वा बढीमा ७ दिन | सहकारी शाखा, स.नि. | सहकारी निरीक्षक कार्यालय प्रमुख |